Praise and worship

# स्तुति प्रशंसा र आराधना

## परिचय

प्रेरित यूहन्नाद्वारा प्रकाशको पुस्तकमा वर्णन गरिएको परमेश्वरको सिंहासन रहेको कोठाको परिकल्पना गर्नुहोस् । सिंहासन वरिपरि चार जीवित प्राणीहरू छन् । दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाईरहन्छन्, 'पवित्र, पवित्र, पवित्र, परमप्रभु सर्वशक्तिमान परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो हुन आउनुहुनेछ', (प्रकाश ४:८) । प्रत्येक पल्ट यसो हुँदा परमेश्वरका सिंहासनका वरिपरि बसेका चौबिस जना धर्म-गुरुहरू परमेश्वरको सिंहासन सामुन्ने घोप्टो परेर भन्दथे, "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ", (प्रकाश ४:११) ।

हजारौं स्वर्गदूतहरू सिंहासनको वरिपरि गाइरहेका छन्, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति, सम्मान, महिमा र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ ।" (प्रकाश ५:१३).

स्वर्ग परमेश्वरको स्तुति प्रशंसा आराधनाको स्थान हो । पृथ्वी पनि त्यस्तै हुनुपर्छ ।

तर किन ? सायद तपाईं आश्चर्य चकित हुनुहुन्छ होला । मैले किन प्रभुलाई आराधना र स्तुति प्रशंसा गर्ने ? नगरे पनि के फरक पर्छ र ? ठीक छ, यसलाई विचार गर्नुहोस् । धर्मशास्त्रले अन्य कुनै विषयभन्दा बढी झन्डै ५०० पल्ट स्तुति प्रशंसाको बारेमा भन्दछ । यसैले हाम्रो स्तुति प्रशंसा र आराधना प्रभुको निम्ति महत्वपूर्ण छ । यही कारणले पनि अरू कुनै कुराभन्दा बढी यो हाम्रो निम्ति महत्वपूर्ण कुरा हुनुपर्छ ।

सुरुका मण्डलीहरू प्रशंसा गर्ने मण्डली भएता पनि इतिहासभरि सम्पूर्ण मण्डलीहरूले प्रभुको प्रशंसा गर्ने कुरा भुले अथवा लार्पवाही गरे । जे भए पनि हालमा आएर संसारभरि नै विभिन्न ठाउँहरूमा मानिसहरूले पूनः पत्ता लगाए कि स्तुति प्रशंसा र आराधनाले तिनीहरूलाई परमेश्वर को नजिक ल्याउँछ । तिनीहरूले प्रभुसँग पूनः प्राप्त गरेको घनिष्टताले तिनीहरूलाई उहाँले चाहनुभएको जस्तै उहाँलाई पछ्याउने मानिसहरू हुन सुरु गरे । तिनीहरूले आफ्ना प्रार्थनाको उत्तर पाएको देख्न थाले र तिनीहरूले आफ्नो जीवनमा नयाँ शक्तिको अनुभव गरे ।

के हामीहरू सबै पनि हाम्रो जीवनमा त्यस्तै भएको इच्छा गर्दैनौं र ?

## हाम्रो अध्ययन

परमेश्वरलाई किन स्तुति प्रशंसा गर्नुपर्छ, केही कारणहरू हेर्दै हाम्रो अध्ययनलाई सुरु गरौं ।

**धर्मशास्त्रः कलस्सी १:१६-१७ "किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू ... उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् ।"**

१. परमेश्वरले के गर्नुभयो ?

.................................................................

२. सबै कुरा कसरी बाँधिएर रहेका छन् ?

.................................................................

परमेश्वर एउटै हुनुहुन्छ, जसले तपाईं म लगायत सम्पूर्ण संसार र यसमा भएका सबै कुराहरूलाई सृष्टि गर्नुभयो र उहाँले नै सबै कुरालाई एकसाथ बाँध्नुभएको छ ।

**धर्मशास्त्रः यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"**

३. परमेश्वरले अरू के गर्नुभयो ?

.................................................................

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो पुत्रलाई हाम्रो निम्ति मर्नलाई पठाउनुभयो । साथै हामीलाई हाम्रा पापहरूबाट बचाउन र उहाँसँग अनन्तसम्म रहन योग्यको बनाउनुभयो ।

## परमेश्वरले हाम्रो प्रशंसा चाहनुहुन्छ

**धर्मशास्त्रः भजनसंग्रह ५०:२३ "धन्यवादको बलि चढाउनेले नै मेरो महिमा गर्दछ...।"**

४. हाम्रो प्रशंसाले के गर्दछ ?

.................................................................

धर्मशास्त्रः भजनसंग्रह ६८:४- "परमेश्वरको निम्ति भजन गाओ, उहाँका नामको स्तुति गाओ, बादलहरूमाथि सवार हुनुहुनेको निम्ति एउटा भजन गाओ । उहाँको नाम परमप्रभु हो, तिमीहरू उहाँको अघि उल्लसित होओ ।"

५. जब हामी भजन गाउँदै परमेश्वरको प्रशंसा गर्छौं, हामीहरूले के गरिरहेका हुन्छौं ?

............................................................................

जब हामीहरूले कसैको बढाइ गर्छौं, हामीले तिनीहरूलाई उच्च पार्छौं ।

**धर्मशास्त्रः भजनसंग्रह २२:३ "तापनि तपाईं परमपवित्रसिंहासनमा विराजमान हुनुहुन्छ, तपाईं इस्राएलका प्रशंसा गर्नुहुन्छ ।"**

६. परमेश्वरले के गर्नुहुन्छ ?

............................................................................

बाइबलको अन्य अनुवादले भन्दछ, हाम्रो प्रशंसाले परमेश्वरलाई सिंहासनमा राख्दछ, अर्को शब्दमा उहाँलाई सिंहासनमा राख्नु हो । शिक्षक-लेखक पावल बिलहेमरले प्रशंसालाई यस प्रकारले बयान गर्छन्, "परमेश्वर प्रशंसाको वातावरणमा बास गर्नुहुन्छ । प्रशंसा र उहाँको उपस्थितिमा पासस्परिक घनिष्टता छ.... जहाँ आनन्दपूर्ण प्रशंसा हुन्छ, त्यहाँ परमेश्वर अचम्भ प्रकारले सक्रिय हुनुहुन्छ । यसको अर्थ जहाँ श्रद्धा, आदर अनि ग्रहणयोग्य आराधना र प्रशंसा हुन्छ, त्यहाँ उहाँले आफ्नो उपस्थिति खुल्ला रूपले प्रकट गर्नुहुन्छ ।

**धर्मशास्त्रः भजनसंग्रह १००:४ "उहाँको भवनका द्वारहरूभित्र धन्यवादसाथ पस र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर ।"**

७. प्रभुको भवनको द्वारभित्र हामीहरू कसरी प्रवेश गर्छौं ?

............................................................................

यस भजनले पुरानो करारको वासस्थानलाई उल्लेख गर्छ । आराधना गर्नेहरू धन्यवादी हृदय लिएर द्वारहरूभित्र पस्थे, तर जसै तिनीहरू चोकभित्र प्रवेश गर्थे, तिनीहरूको धन्यवाद प्रशंसामा परिणत हुन्थ्यो ।

## हामीहरूलाई परमेश्वरको प्रशंसा गर्ने आदेश छ ।

**धर्मशास्त्रः भजनसंग्रह ११७:१ "हे सबै जाति-जातिका मानिस हो, परमप्रभुको स्तुति गर...।"**

८. यस पदमा कसलाई प्रशंसा गर्ने आदेश दिइएको छ ?

............................................................................

**धर्मशास्त्रः भजनसंग्रह १५०:६ "सास हुने हरेक प्राणीले परमप्रभुको प्रशंसा गरोस् ।"**

९. यस पदमा कसलाई प्रशंसा गर्न भनिएको छ ?

............................................................................

अब अझै गहिरिएर हेरौं, हामीले कहाँ कहिले र कसरी प्रशंसा गर्नुपर्छ ?

## हामीहरूले कहिले प्रशंसा गर्नुपर्छ ?

मण्डलीभित्र मात्रै प्रशंसा गर्ने स्थान हो र धर्मशास्त्रले के देखाउँछ ?

**धर्मशास्त्रः १ इतिहास १६:२४ "जातिहरूका बीचमा उहाँका महिमाको घोषणा गर, सारा मानिसहरूका बीचमा उहाँका अचम्मका कामहरूको वर्णन गर ।**

१०. हाम्रो प्रशंसा कहाँ दिइनुपर्छ ?

............................................................................

धर्मशास्त्रः भजनसंग्रह २२:२२ "म मेरा भाइहरूको सामुन्ने तपाईंको नाम घोषणा गर्नेछु, सभाको बीचमा म तपाईंको प्रशंसा गर्नेछु ।"

११. यस पद अनुसार हामीले परमेश्वरको प्रशंसा कहाँ गर्नुपर्छ ?

............................................................................

**धर्मशास्त्रः भजनसंग्रह १४९:५ "पवित्रजनहरू यस्तो सम्मानमा उल्लसित होऊन्, अनि आफ्नो ओछ्यानमा पनि तिनीहरू आनन्दले गाऊन् ।"**

१२. अरू कुन स्थानमा ?

............................................................................

हरेक स्थानमा प्रभुको प्रशंसा गर्न उचित हुन्छ ।

## हामीले प्रभुको प्रशंसा कहिले गर्नुपर्छ ?

के प्रभुलाई प्रशंसा गर्न कुनै निश्चित समय छ ?

**धर्मशास्त्रः भजनसग्रह ५९:१६ "...बिहानै तपाईंको प्रेमको प्रशंसा गाउनेछु ...।"**

१३. भजन लेखकले प्रभुको प्रशंसा कहिले गाउने भनी भन्छन् ?

............................................................................

**धर्मशास्त्रः भजनसंग्रह ७१:२४ "मेरो जिब्रोले तपाईंको धार्मिकताका कार्यहरूका विषयमा दिनभरि वर्णन गर्नेछ ...।"**

१४. हामीहरूले उहाँको धार्मिकताका कार्यहरूको प्रशंसा कतिपल्ट गर्नुपर्छ ?

..................................................................

**धर्मशास्त्रः भजनसंग्रह १४६:२ "म जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु, म जीवित रहुञ्जेल मेरा परमेश्वरको स्तुति गाइ नै बस्नेछु ।"**

१५. हामीले कहिलेसम्म प्रभुको प्रशंसा गर्नुपर्छ ?

..................................................................

**धर्मशास्त्रः भजनसंग्रह ३४:१ "हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ ।"**

१६. हामीले कहिले प्रभुको प्रशंसा गर्नुपर्छ ?

..................................................................

## प्रशंसाको विविधता (किसिम)

अर्को प्रश्नले भन्दछः हामीहरूले प्रभुको प्रशंसा कसरी गर्नुपर्छ ? उहाँको प्रशंसा र आराधना गर्न धर्मशास्त्रले हामीलाई धेरै बाटोहरू देखाएको छ ।

**धर्मशास्त्रः भजनसंग्रह ४७:६ "परमेश्वरको प्रशंसा गाओ, स्तुति गाओ । हाम्रा राजाको प्रशंसा गाओ, स्तुति गाओ ।"**

१७. हामीहरूले परमेश्वरको कसरी प्रशंसा गर्नुपर्ने त ?

..................................................................

**धर्मशास्त्रः यशैया १२:६- "हे सियोनका मानिसहरू हो, उच्च स्वरले कराओ र आनन्दले गाओ किनकि तिमीहरका बीचमा इस्राएलका परमपवित्र महान् हुनुहुन्छ ।"**

१८. हामीले अरू के गर्नुपर्छ ?

..................................................................

**धर्मशास्त्रः भजनसंग्रह ४७:१ "हे सबै जाति हो ताली बजाओ, उच्च स्वरले परमेश्वरको जय-जयकार गर ।"**

१९. भजन लेखकले हामीलाई के गर्न भन्नुभएको छ ?

..................................................................

**धर्मशास्त्रः भजनसंग्रह १५०:३-५ "तुरही बजाएर उहाँको प्रशंसा गर । विणा र सारङ्गी बजाएर उहाँको प्रशंसा गर । खैंजडी र नाचको साथ उहाँको प्रशंसा गर । तार-वाद्य र बाँसुरी बजाएर उहाँको प्रशंसा गर । झ्यालीका झङ्कारका साथ उहाँको प्रशंसा गर । गुञ्जायमान पार्ने झ्यालीहरू बजाएर उहाँको प्रशंसा गर ।"**

२०. हामीहरूले परमेश्वरको प्रशंसा गर्दा प्रयोग गर्नसक्ने वाद्य-वादनहरूको सूची बनाउनुहोस् ।

..................................................................

**धर्मशास्त्रः लूका ६:२३ "त्यस दिन रमाओ र खुसीले उफ्र किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ ।"**

२१. येशूले हामीलाई के गर्न भन्नुभएको छ ?

..................................................................

**धर्मशास्त्रः २ समूएल ६:१४ "दाऊद सूती कपडाको एपोद लगाएर परमप्रभुको सामुन्ने पूरा शक्तिको साथ नाचे ।"**

२२. दाऊदले प्रभुको प्रशंसा कसरी गरे ?

..................................................................

**धर्मशास्त्रः प्रेरित १०:४६ "...अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने...।"**

२३. गुरुका ईसाइहरूले कसरी प्रशंसा गर्थे ?

..................................................................

## "आराधना"

प्रशंसा, प्रशंसामा नै समाप्त हुँदैन, प्रशंसाले हामीलाई धेरैजसो आराधनामा डोर्‍याउँछ ।

**धर्मशास्त्रः यूहन्ना ४:२३-२४ "...जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् किनकि आराधना गर्ने त्यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुहुन्छ ।"**

२४. पिताले कस्तो प्रकारको आराधकहरू खोज्नुहुन्छ ?

..................................................................

२५. किन ?

..................................................................

परमेश्वरलाई साँचो आराधना गर्न हामीले उहाँलाई आत्मामा आराधना गरेको हुनुपर्छ ।

हाम्रो आत्माले परमेश्वरको आत्मालाई छुने कुरा "आराधना" हो । कतिपय समयमा जब हामी प्रभुको प्रेमले ओतप्रोत हुन्छौं कि हामीहरू प्रशंसालाई पार गरेर आराधनामा प्रवेश गर्दछौं । कतिपल्ट हामीहरू घुँडा टेक्छौं, हात उठाएर खडा हुन्छौं वा जमिनमा घोप्टो पर्छौं अनि हामी कतिपल्ट लाजै नमानिकन रुन्छौं । आराधनाले हामीहरूलाई परमेश्वरको नजिक ल्याउँछ- परमेश्वरसँगको घनिष्टतामा ।

जब हामी परमेश्वरलाई आराधना गर्दछौं, कतिपल्ट अलौकिक कुराहरू हुन्छन् । अब धर्मशास्त्रबाट दुइओटा कुराहरूलाई हेरौं ।

मत्ती १५ मा हामीसँग एक कनानी स्त्रीको कथा छ, जो येशूकहाँ उसकी भूत लागेकी छोरीलाई चङ्गाई माग्न आएकी थिई । पहिला त येशूले त्यसलाई कुनै उत्तर दिनुभएन र चेलाहरूले उहाँलाई त्यसलाई त्यहाँबाट बिदा दिन बिन्ती गरे, तर त्यो स्त्री डटेर रहिन् ।

**धर्मशास्त्रः मत्ती १५:२५ "तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, 'हे प्रभु, मलाई सहायता गर्नुहोस्' ।"**

२६. त्यस स्त्रीले के गरी ?

.................................................................

२७. उसले के भनी ?

.................................................................

यहाँ एउटी स्त्री छे, ऊ यहूदी होइन, तरै पनि उसले येशूको बारेमा सुनेकी छे, उहाँ उसको आराधनाको योग्य हुनुहुन्छ भनी उसले जानेकी छे र उसलाई यो पनि थाहा छ कि उहाँले कसरी छोरीलाई चङ्गाइ गर्न सक्नुहुन्छ ।

**धर्मशास्त्रः मत्ती १५:२८ "तब येशूले त्यसलाई जवाफ दिनुभयो, 'ए नारी, तिम्रो विश्वास ठूलो रहेछ । तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस् ।' त्यसकी छोरी त्यही घडी निको भइहाली ।"**

२८. येशूले यस स्त्रीलाई के गर्नुभयो ?

.................................................................

जब उसले प्रभुको प्रशंसा गरी, तब उहाँले उसको अनुरोध पूरा गर्नुभयो ।

**धर्मशास्त्रः मत्ती ८:२-३ "एकजना कुष्ठरोगी उहाँकहाँ आयो र उहाँको लागि घुँडा टेकी यसो भन्यो, 'हे प्रभु, तपाईंको इच्छा भए मलाई निको पार्न सक्नुहुन्छ ।' उहाँले आफ्नो हात पसारेर त्यसलाई छुनुभयो र भन्नुभयो, 'म इच्छा गर्छु कि तिमी निको भइजाऊ ।' तुरुन्तै त्यसको कुष्ठरोग निको भइगयो ।"**

२९. कुष्ठरोगीले के गऱ्यो ?

.................................................................

यसको अर्थ यो होइन कि प्रत्येकपल्ट हामीले प्रभुको आराधना गर्दा हामी निको हुन्छौं वा हाम्रो बिन्तीहरू पूरा हुन्छन् । तर हाम्रो आराधनामा कुनै कुरा यस्तो हुन्छ, जसले येशूलाई त्यस्तो प्रकारले काम गर्न योग्य बनाउँदछ । यो हाम्रो विश्वासको एक महान् रहस्य पनि हो । हाम्रो परमेश्वर त्यो हुनुहुन्छ, जो हाम्रो प्रशंसा र आराधनाको योग्य हुनुहुन्छ । अब हामी पनि स्वर्गका दूतहरूसँग उहाँलाई दिनुपर्ने महिमा दिन सहभागी होऊ ।

## उत्तरहरू

१. स्वर्ग र पृथ्वीमा भएका सबै थोक सृष्टि गर्नुभएको छ, २. उहाँ नै, ३. आफ्नो पुत्र हाम्रो लागि दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस्, ४. परेमश्वरलाई महिमित पार्दछ, ५. प्रशंसा गरिरहेको, ६) हाम्रो प्रशंसामा विराजमान, ७. प्रशंसा साथ, ८. सबै देश र सबै जातिका मानिसहरूलाई, ९. सास हुने हरेक प्राणीले, १०. जातिहरूका बीचमा, सारा मानिसहरूका बीचमा, ११. सभाको बीचमा, १२. ओछ्यानमा, १३. बिहानै, १४. दिनभरि, १५. हाम्रो जीवनभर, १६) निरन्तर सधैंभरि, १७. गीत गाएर, १८. कराएर, १९. ताली बजाउने, उच्च स्वरले जीवनभर, १६) निरन्तर सधैंभरि, १७. गीत गाएर, १८. कराएर, १९. ताली बजाउने, उच्च स्वरले परमेश्वर को जयजयकार गर्ने, २०. तरही, वीणा र सारङ्गी खैंजडी, तार-वाद्य, बाँसुरी, झ्यालीको झङ्कार, २१. आनन्दित हुने, खुसी हुने र उफ्रने, २२. नाँचेर, २३. अन्य भाषामा बोलेर, २४. जसले आत्मा र सत्यतामा आराधना गर्दछन्, २५. किनभने परमेश्वर आत्मा हुनुहुन्छ, २६) येशूलाई आराधना गर्ने, २७. मलाई सहायता गर्नुहोस्, २८. उसकी छोरीलाई निको पार्नुभयो, २९. येशूलाई आराधना गर, येशूले निको पार्नुहुन्छ, ३०. उसको कुष्ठरोग निको भयो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal